मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

कोभिड-१९ र नेपालमा अनलाइन शिक्षाको महत्वः पृष्ठ २

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २०४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार ८ गते सोमवार (Monday, June 22. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-



एकका लागि एक अभियान

# पीसीआर ल्याब कनकाईको समर्पण भवनमा



**बिर्तामोड, असार ७।** एकका लागि एक अभियानको अगुवाईमा झापामा स्थापना गर्ने भनिएको पीसीआर ल्याव कनकाई नगरपालिकाको कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा राखिने भएको छ।

एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीको अध्यक्षतामा आइतबार बिर्तामोडमा सम्पन्न बैठकले पीसीआर ल्याव स्थापनाका लागि उक्त स्थान चयन गर्ने निर्णय गरेको हो। उक्त निर्णयसँगै आवश्यक स्वास्थ्य सुरक्षासहितको प्राविधिक काम समेत अघि बढाउने निर्णय गरिएको छ।

संवाद समूह झापाको संयोजनमा भएको बैठकले पीसीआर ल्याब स्थापना र सञ्चालनका लागि प्रदेश सरकारसँग समन्वय, सहकार्य, स्वीकृति लगायतका प्रक्रिया तत्काल अघि बढाउने समेत निर्णय गरेको छ। बैठकले झापाका सबै स्थानीय तहका समन्वय सहयोगका लागि अनुरोध गर्ने निर्णय गरेको छ।

कोभिड-१९ नियन्त्रणका लागि सरकारलाई सहयोग पुऱ्याउन नागरिकस्तरबाट मुलुकमै पहिलोपटक झापामा पीसीआर ल्याव स्थापना गर्न लागिएको हो।

विभिन्न अढाइ दर्जन सामाजिक संस्थाको सहकार्य र साझेदारीबाट अघि बढेको एकका लागि एक अभियान मार्फत स्थापना हुने पीसीआर ल्यावका लागि जिल्ला सहकारी संघको अगुवाईमा झापाको सहकारी अभियान र अन्तर्राष्ट्रिय झापाली समाजले समेत साझेदारी गरेका छन्। सरकारलाई सहयोग पुऱ्याउन स्थापना गर्न लागिएको पीसीआर ल्याव प्रदेश तथा स्थानीय सरकारसँगको समन्वय, सहकार्य र सहयोगमा सञ्चालन गरिने संयोजक गिरीले जानकारी दिए। गिरीका अनुसार जिसस, राजनीतिक दल लगायत सरोकारवालासँग समेत समन्वय र सहकार्य गरिने छ।

त्यस्तै पीसीआर ल्यावका लागि आवश्यक मेसिन र उपकरण खरिदको प्रक्रिया समेत पारदर्शी ढंगले अघि बढाउने निर्णय भएको छ। जतिसक्दो छिटो ल्याव स्थापना गरी सञ्चालनमा ल्याउने तयारीमा अभियान जुटेको सहसंयोजक विनोद बस्नेतले बताए।

अभियानले राहत तथा स्वास्थ्य क्षेत्रमा योगदानसंगै कोभिड-१९ नियन्त्रणका लागि जनचेतनालाई पनि सँगसँगै अघि बढाउने निर्णय गरेको अभियानका सदस्य नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरीले जानकारी दिए।

बैठकमा अभियानमा साझेदार संस्थाहरुको तर्फबाट प्रतिनिधित्व गर्दै बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, नेपाल रेडक्रस सोसाइटी, बिर्तामोड

(बाँकी अन्तिम पृष्ठमा)

## रुद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठानद्वारा दुई लाख पाँच हजार

**बिर्तामोड, असार ७।** झापामा एकका लागि एक अभियानको अगुवाईमा स्थापना गर्न लागिएको पीसीआर ल्यावका लागि रुद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठानले दुई लाख पाँच हजार एक सय ११ रुपैयाँ प्रदान गरेको छ।

भद्रपुर-७स्थित उक्त प्रतिष्ठानका तर्फबाट आइतबार बिर्तामोडमा आयोजित एक कार्यक्रमकाबीच अभियानका संयोजक महेन्द्रकुमार गिरी र सहसंयोजक बिनोद बस्नेतलाई उक्त रकमको चेक प्रदान गरियो। प्रतिष्ठानका सचिव यज्ञराज (गोपाल) ओली, कोषाध्यक्ष नारायणप्रसाद ओली र सदस्य नारदमणि न्यौपानेले चेक हस्तान्तरण गरेका थिए।

कार्यक्रममा बोल्दै प्रतिष्ठानका सचिव गोपालले जनस्तरबाट मुलुकमै पहिलोपटक हुन लागेको कामको प्रशंसा गर्दै उक्त अभियानप्रति ऐक्यबद्धता जनाउन सहयोग रकम हस्तान्तरण गरिएको बताए। प्रतिष्ठानका संस्थापक मध्येका एक एवम् संस्थापक सदस्य बद्रीप्रसाद ओलीको स्मृतिमा प्रतिष्ठानले पीसीआर ल्याव खरिदका लागि उक्त रकम प्रदान गरिएको प्रतिष्ठानका अध्यक्ष गंगाप्रसाद ओलीले जानकारी दिए।

कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा उपचारका लागि झापामा एकका लागि एक अभियानले निर्वाह गरिरहेको भूमिकाबाट आफूहरु प्रभावित भएको प्रतिष्ठानका पदाधिकारीले बताए। उक्त प्रतिष्ठान तथा सो संस्थाका सचिव गोपाल ओलीको समन्वयमा शिवसताक्षी-८ झिलझिलेस्थित छिमेकी बचत तथा ऋण सहकारी संस्थाले ५१ हजार एक सय ११ रुपैयाँ

(बाँकी अन्तिम पृष्ठमा)



## झापामा बालकसहित ६ जनामा कोरोना

**भद्रपुर, असार ७।** झापामा आइतबार एक बालिकासहित ६ जना जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

अर्जुनधारा नगरपालिकामा तीन, मेचीनगर नगरपालिकामा दुई र कनकाई नगरपालिकामा एक जनामा कोरोना पुष्टि भएको झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले जानकारी दिए। योसँगै जिल्लामा संक्रमितको संख्या १८९ पुगेको छ। अर्जुनधारा नगरपालिकाको क्वारेन्टाइनमा बसेका दुई बर्षीया बालिका, २२ बर्षीया उनकी आमा र अर्का एक २३ बर्षीय पुरुषमा कोरोना पुष्टि भएको हो। उनीहरु भारतको विहारबाट जेठ २७ गते काँकरभिट्टा हुँदै स्वदेश फर्किएको नगर स्वास्थ्य कार्यालय अर्जुनधाराले जनाएको छ। क्वारेन्टिनमा बसेका तीन जनाबाहेक अन्य २४ जनाको रिपोर्ट नेगेटिभ आएको जनाइएको छ।

त्यस्तै मेचीनगरमा कोरोना संक्रमण पुष्टि भएका दुवै जना पुरुष हुन्। मेचीनगर वडा नम्बर-६ बस्ने ३३ बर्षीय र वडा नम्बर ५ बस्ने ३० बर्षीय पुरुषमा कोरोना पुष्टि भएको हो। दुवै जना भारतबाट जेठ ३० गते काँकरभिट्टा नाकाबाट स्वदेश फर्किएका हुन्। उनीहरुलाई बालकल्याण माविको क्वारेन्टिनबाट स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि पठाइएको थियो। त्यसैगरी कनकाई नगरपालिका-७ बस्ने ३७ बर्षीय पुरुषमा कोरोना पुष्टि भएको छ। कतारबाट आएका उनलाई कनकाईको दलित भवनको क्वारेन्टिनमा राखिएको थियो।

यता कोरोना संक्रमितहरुलाई कोरोना अस्पताल लैजाने तयारी भइरहेको जनाइएको छ। जिल्लामा हालसम्म कचनकवलमा १२८, गौरीगञ्जमा १७ जना, बाह्रदशीमा ७ जना, बुद्धशान्ति, अर्जुनधारा, मेचीनगर र भद्रपुरमा पाँच/पाँच जना, कनकाई, गौरादह र हल्दिबारीमा चार/चार जना, दमक दुई जना, कमल, शिवसताक्षी र झापा गाउँपालिकामा एक/एक जनामा कोरोना पुष्टि भइसकेको छ। जिल्लामा १२६ जना कोरोना संक्रमित निको भएर घर फर्किसकेका छन्।

# महामारीको जोखिममा समेत घटेन महिला हिंसा

**झापा, असार ७।** कोभिड-१९ महामारीको जोखिमपूर्ण अवस्थामा पनि मानवअधिकार उल्लंघनका घटनामा कमी आउन सकेको छैन।

बलात्कारजस्ता जघन्य अपराध अझ बढ्दै गएको देखिएको छ। सरकारले कोभिड-१९को जोखिम कम गर्न गत चैत ११ गतेदेखि बन्दाबन्दीको घोषणा गरे यता सात वर्षीया बालिकादेखि क्वारेन्टिनमा बसेकी महिलासमेत बलात्कारको शिकार भएका छन्। यस्ता अमानवीय घटना बढ्नुले महामारीजस्तो विपद्मा पनि महिलाहरु झन् आपत्‌मा परेको देखिएको छ।

गत जेठ ३२ गते शनिबार राति कैलालीस्थित लम्कीचुहा नगरपालिका वडा नं. १स्थित शहीदस्मारक माध्यमिक विद्यालयको क्वारेन्टिनमा राखिएकी ३१ वर्षीया महिलामाथि सामुहिक बलात्कार भयो। महामारीबाट बाँच्न आफ्नो थातथलो सम्झेर भारतबाट आएर जेठ २० गतेदेखि क्वारेन्टिनमा बस्दै आएकी उनीमाथि क्वारेन्टिनमै यस्तो जघन्य अपराध भयो। यसमा संलग्न भएको आशंकामा तीन जना पक्राउ परेका छन्। क्वारेन्टिनमा कार्यरत् स्वास्थ्यकर्मी किशोर परियार र स्वयम्सेवकहरु लक्ष्मण विक र सर्जन विकलाई पक्राउ गरेर प्रहरीले अनुसन्धान शुरु गरेको जनाएको छ।

यता पर्साको ठोरी गाउँपालिकास्थित स्याउली बस्तीमा आफ्नै ११ वर्षीय छोरीलाई ४५ वर्षीय बाबुले गत आइतबार बलात्कार गरेका छन्। आफ्नै बाबुले मदिरा सेवन गरी बलात्कार गरेपछि बालिका चिच्याएको आवाज सुनेर छिमेकी र आफन्तले बालिकाको उद्धार गरेका थिए। बलात्कार गर्ने बाबुलाई प्रहरीले पक्राउ गरेको छ। मदिराको नशामा बाबुले आफूलाई पटक-पटक बलात्कार गरेको बालिकाको भनाइ छ।

त्यस्तै कैलालीको गौरीगंगा नगरपालिका-४ मा ७ वर्षीया बालिकालाई दुईसाता अघि ८० वर्षीय बालाराम सुवेदीले बलात्कार गरे। बलात्कार गरेको आरोप लागेका ८० वर्षीय सुवेदीलाई जिल्ला अदालत कैलालीले ५० हजार धरौटीमा छाड्ने आदेश दिएको छ। पीडकको उमेरको अवस्था हेर्दा थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न मनासिव नदेखिएको र प्रमाणहरु पर्याप्त नभएको उल्लेख गर्दै धरौटीमा छाड्ने आदेश भएको बताइएको छ। तर, यौनजन्य अपराध सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनमा बालिकाको योनीमा यौनजन्य पदार्थ थुप्रिएको र योनी च्यातिएको भन्ने उल्लेख रहेको बताइएको छ। गतसाता कैलालीमा

(बाँकी अन्तिम पृष्ठमा)


## कर्मचारी आवश्यकता

यस सेभेन स्टार सेक्यूरिटी सर्भिस प्रालि शाखा कार्यालय बिर्तामोडका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पदः **लेखापाल-** १ जना

**योग्यताः** +२ पास, दक्ष र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

**आवेदन दिने अन्तिम मितिः** २०७७ असार १५ गतेसम्म

**निवेदन दस्तुरः** ५००।-

**सम्पर्कः ०२३-५४६६१४, ९८५२६७३९५५**


## करेन्ट लागेर मृत्यु

**मोरङ, असार ७।** मोरङ बूढीगंगा-५ दिपुटोल बस्ने २५ बर्षीय सन्तोष महतोको करेन्ट लागेर मृत्यु भएको छ।

बिराटनगर-६स्थित स्टन कोल्ड स्टोरमा वेल्डिङ गर्ने क्रममा सन्तोषलाई करेन्ट लागेको थियो। करेन्ट लागी बेहोस भएका उनलाई तत्काल उपचारार्थ बिराट नर्सिङ होम लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।





## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक

**शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग






**कृषकलाई भ्याइ–नभ्याइः** झापाको दक्षिणी क्षेत्र झापा गाउँपालिका मदरगाछका कृषक मकै बताउँदै । झापामा मनशुन शुरु भएको छ, यतिबेला मकै भाँच्ने, थन्क्याउने, रोपाईं गर्ने र कतै बर्खेधान काट्ने चटारो छ कृषकलाई ।

# ‘बोल्ड एण्ड ब्युटीफुल’ रेनुकासिंह



मोडल रेनुकासिंह ठकुरी मोडलिङ उदय हुँदैछिन् । पछिल्लो सयम मोडलिङको क्षेत्रमा चर्चित नाम हो- रेनुका । लामो समयदेखि यो क्षेत्रमा सक्रिय रहेकी रेनुका ५ फिट ६ इन्च अग्ली छिन् । उनले कैयन् फेशन शोमा सहभागिता जनाइसकेकी छिन् ।

धनगढीकी रेनुकालाई चलचित्रमा समेत अभिनय गर्ने चाहना छ । राम्रा अवसर मिलेमा नेपाली फिल्ममा निरन्तर सक्रिय हुने चाहना छ- उनको । केही म्युजिक भिडियोमा समेत अभिनय गरेकी रेनुका सामाजिक सञ्जालमा पनि उत्तिकै सक्रिय रहने गर्छिन् ।

सामाजिक सञ्जालमा शेयर गरेका हट तस्वीरका कारण उनको चर्चा हुन्छ । उनले सामाजिक सञ्जालमा बलिउड नायिकालाइ समेत माथ खुवाउने तस्वीर शेयर गरिरहेकी हुन्छिन् । उनको फिगरको प्रशंसा भइरहन्छ । उनी सुन्दर तस्बिर शेयर गरेर फ्यानसँग जोडिरहेकी हुन्छिन् ।

# राष्ट्रिय चिया नीति परिमार्जन गरेर लागू गर्ने प्रतिवद्धता

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, असार ७।** राष्ट्रिय चिया तथा कफी विकास वोर्डका कार्यकारी निर्देशक डा. विष्णुप्रसाद भट्टराईले राष्ट्रिय चिया नीति परिमार्जन गरेर लागू गर्ने प्रतिवद्धता जनाएका छन् ।

राष्ट्रिय चिया तथा कफी विकास वोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडको आयोजनामा चिया क्षेत्र बचाऊ कार्यदल अभियानले साना चिया किसान, चिया श्रमिक नेता, चिया उद्योगीसँग गरेको अर्न्तक्रिया कार्यक्रममा कार्यकारी निर्देशक डा. भट्टराईले यस्तो प्रतिवद्धता जनाएका हुन् ।

राष्ट्रिय चिया नीतिले साना चिया किसान, चिया श्रमिक, चिया व्यवसायी तथा उद्यमी मर्कामा परेको बताउँदै कार्यकारी निर्देशक डा. भट्टराईले साना चिया किसान, चिया श्रमिक, चिया व्यवसायी तथा उद्यमीको हितमा राष्ट्रिय चिया नीति परिमार्जन गरेर लागू गरिने जानकारी दिए ।

२०५७ सालमा आएको राष्ट्रिय चिया नीतिमा छोटो समयमै चियालाई अन्तर्राष्ट्रिय मापदण्डमा पुऱ्याउने लगायतका बुँदाहरू समेटिए पनि त्यसले साना चिया किसान, चिया श्रमिक, चिया व्यवसायी तथा उद्यमीको हितमा काम नगरेकाले राष्ट्रिय चिया नीतिमा परिमार्जन गरिने उनको भनाइ थियो ।

राष्ट्रिय चिया नीतिमा राम्रा विषयवस्तु समेटिए पनि कार्यान्वयन हुन नसक्दा चिया क्षेत्र नाजुक स्थितिमा पुगेको, साना चिया किसानहरुले हरियो पत्तीको मेहनत अनुसारको मूल्य पाउन नसकेको, चिया श्रमिकको अवस्था नाजुक बन्दै गएकाले राष्ट्रिय चिया नीति परिमार्जन गरेर लागू गर्नुको विकल्प नभएको उनले बताए । काठमाडौमा वसेर चियाको विकास सम्भव नहुने बताउँदै कार्यकारी निर्देशक डा. भट्टराईले चिया



क्षेत्रको विकासका लागि कार्यक्षेत्रमा गएर समस्याको पहिचान गरेर समाधान गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय चिया नीतिमा चिया नीतिका बारेमा सरकारले कहिल्यै चासो नदिएकाले चिया उद्यमीसमेत पलायन हुनुपर्ने स्थिति आएको बताउँदै उनले सरकारले चिया क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिए । चिया लोड भएका १४ वटा भारतीय नम्बर प्लेटका मालवाहक ट्रक भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज नाकाबाट निर्यात हुन नसक्दा केहीदिन यतादेखि मेची भन्सार कार्यालय काँकरभिट्टा परिसरमा थन्केर बसेको र भारततर्फको अवरोध हटाउन आफूले पहल गरिरहेको उनले वताए ।

आफू चिया तथा कफीको क्षेत्रमा भएका समस्या समाधान गर्न राष्ट्रिय चिया तथा कफी विकास वोर्डको कार्यकारी निर्देशक भएको बताउँदै उनले आफ्नो क्षमताले भ्याएसम्म राष्ट्रिय चिया तथा कफी विकास वोर्डमा राजनीति हावी हुन नदिने प्रतिवद्धता जनाए ।

कार्यक्रममा राष्ट्रिय चिया तथा कफी विकास वोर्डको सदस्यमा नियुक्त भएका हर्क तामाङलाई स्वागत तथा सम्मान गरिएको थियो । कार्यक्रममा वोर्डका सदस्य तामाङले साना चिया किसान, चिया श्रमिक, चिया उद्योगी लगायतका समस्या समाधान गर्ने प्रतिवद्धता जनाएका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिका-१का अध्यक्ष अग्नि पाण्डेले चिया तथा कफीको क्षेत्रमा भएका समस्या समाधान गर्न वोर्डका कार्यकारी निर्देशक डा. भट्टराईलाई आग्रह गरेका थिए ।

कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन महासंघ प्रदेश नं. १ इन्चार्ज भूपाल सापकोटा, अखिल नेपाल चिया मजदुर संघ केन्द्रीय अध्यक्ष सीता सापकोटा सन्ध्या, नेपाल चिया बगान श्रमिक संघ केन्द्रीय अध्यक्ष दीपक तामाङ, नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक संघ केन्द्रीय उपाध्यक्ष सहीकुमार राईले चिया श्रमिकका समस्या तत्काल समाधान गर्नुपर्ने, सामाजिक सुरक्षा ऐनमा सुचीकृत हुनुपर्ने लगायतका माग राखेका थिए ।

कार्यक्रममा चिया क्षेत्र बचाऊ कार्यदल अभियानका संयोजक आदित्य पराजुली, चिया क्षेत्र बचाऊ अभियान कार्यदलका सदस्य तथा साना किसान झापाली चिया व्यवसायी संघका अध्यक्ष पूर्णकुमार कार्की, चिया क्षेत्र बचाउ अभियान कार्यदल अभियानका सदस्य तथा वर्द्धभ्याली चिया उद्योगका सञ्चालक बुद्ध तामाङले चिया उद्योगीका समस्या, बजारीकरण लगायतका समस्याका वारेमा धारणा राखेका थिए ।

त्यस्तै शुभचिया किसान सहकारी संस्था बाहुनडाँगीका ब्यवस्थापक सचिन निरौला, पाराखोपी साना किसान चिया सहकारी संस्था हल्दिवारीका सचिव पर्वत डाँगीलगायतले चिया मजदुर, ढुवानी, बजार, मल, साना किसानका समस्याका विषयमा जानकारी गराएका थिए ।

राष्ट्रिय चिया तथा कफी विकास वोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका निर्देशक राम एकवाल यादवले सहजीकरण गरेको कार्यक्रमको सञ्चालन राष्ट्रिय चिया तथा कफी विकास वोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका प्रशासन सहायक मिनबहादुर अगुवाले गरेका थिए ।

# लागूऔषधसहित दुई भारतीय नागरिक पक्राउ

**सुनसरी, असार ७।** सुनसरीको कोशी गाउपालिका-७ हरिपुर स्थित भित्रीसडक खण्डबाट दुई भारतीय नागरिक लागूऔषध सहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत सुपौलग्राम पञ्चायत-१का २० बर्षीय लक्ष्मणकुमार पासवान र सोही स्थानका १९ बर्षीय अर्जुनकुमार पासवान रहेका छन् । जिल्ला प्रहरी कार्यालय सुनसरीबाट गस्तीमा खटिएको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिई उनीहरुको शरीर खानतलासी गर्दा कालो प्लाष्टिकभित्र लुकाई छिपाई राखेको अवस्थामा ८ ग्राम ५८० मिलिग्राम लागूऔषध ब्राउनसुगर, भारतीय रुपैयाँ १२५०, र भारतका विभिन्न बैंकका एटीएम कार्ड समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

## महामारीको ...

१४ वर्षीय किशोरी सामूहिक बलात्कारको शिकार भइन् । बलात्कारमा संलग्न चारजनालाई प्रहरीले पक्राउ गरेको छ ।

माथिका यी चार घटना प्रतिनिधि घटना मात्र होइन कोभिड-१९को जोखिमपूर्ण अवस्थामा भएका गम्भीर प्रकृतिका अपराध हुन् । बन्दाबन्दीका अवस्थामा परिवारसँगै भएका बेला होस् वा संरक्षित स्थानमै पनि यस्ता बलात्कारका घटना भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार लकडाउनको अवधि (चैत ११देखि जेठ ३२) भित्र देशभर महिला बालबालिका विरुद्ध एक हजार ९४६ वटा आपराधिक घटना भएका छन् । यस अवधिमा सबैभन्दा बढी आत्महत्याका घटना र त्यसपछि घरेलु हिंसाका घटना भएका छन् । यस अवधिमा एक हजार १५५ जनाले झुण्डिएर र १९६ले विष खाएर आत्महत्या गरेका छन् । त्यसै अवधि ज्यान मार्ने उद्योग १६६, कर्तव्य ज्यान १०० ओटा घटना भएका छन् भने हाम्फालेर १० जनाको मृत्यु भएको छ ।

त्यस्तै यस अवधिमा जवर्जस्ती करणी ३७३, बालयौन दुराचार ४६, बोक्सीको आरोप नौ, विद्युतीय कसुर तथा साइवर अपराध १०, मानव बेचबिखन तथा ओसारपसार नौ, बहुविवाह ३४ र बालविवाहका नौ घटना भएका छन् । बन्दाबन्दीको अवस्थामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सुत्केरी, गर्भवती महिला, ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् ।

बन्दाबन्दीको अवधिमा पनि बलात्कार, महिला हिंसाजस्ता घटना बढ्नुले राज्यको सुरक्षा प्रबन्ध कमजोर छ, एउटी चेलीको सामूहिक रुपमा अस्मिता लुट्ने जस्ता जघन्य अपराधिक कार्यले प्रश्रय पाएको छ- मानव अधिकारकर्मी चरण प्रसाईंले भने- क्वारेन्टिनको व्यवस्थापन अत्यन्त कमजोर भएको, कहीँ खुल्ला चउरमा सुत्नुपर्ने, कतै चुकुल नभएको ढोकाहरु भएको, एउटै कोठामा धेरै जनालाई राख्ने गरिएको, एउटै शौचालय प्रयोग गर्नुपर्ने बाध्यता रहेको, खाना तथा शुद्ध पिउने पानीको अभाव रहेको, यौन हिंसा हुने गरेको अवस्था छ भने महिला तथा वालिकाहरु उच्च जोखिममा रहेका छन् ।

बन्दाबन्दीको करिब तीन महिनाको अवधिमा मानवका आधारभूत अधिकार पनि सङ्कटमा परेको मानवअधिकार अनुगमन प्रतिवेदन सार्वजनिक भएको छ । राष्ट्रिय मानव अधिकार आयोगले बन्दाबन्दीका अवधिमा महिला हिंसा र आत्महत्या बढेको, सुत्केरी, गर्भवती, शारीरिक रुपमा अशक्त र जातीय छुवाछूतका कारण छ जनाको ज्यान जानेजस्तो जघन्य अपराधको घटना भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा यो अवधिमा ६० सुत्केरीको मृत्यु भएको छ भने अन्तरजातीय प्रेमसम्बन्धका कारण छ जनाको मृत्यु भएको जनाएको छ ।

आयोगले बन्दाबन्दी प्रारम्भ भएदेखि यही जेठ १० गतेसम्म ‘बन्दाबन्दीको ६० दिन’ का अवधिमा देशभर गरिएको अनुगमनमा आधारित मानवअधिकार प्रतिवेदनले गत जेठ २९ गते आयोगका अध्यक्ष अनुपराज शर्माबाट सार्वजनिक भएको थियो । बन्दाबन्दीका अवधिमा महिला हिंसाको घटना बढेका छन्- अध्यक्ष शर्माले भने- कोरोना भाइरसबाट बचाउन बनाइएका क्वारेन्टिन शौचालय अभाव, सामाजिक दुरीको अभाव तथा दलित र गैरदलितका समस्या भएको पाइएको छ ।

महामारीको विषम परिस्थितिमा समेत मानवअधिकारको अवस्था चूनौतीपूर्ण घडीमा रहेकाले स्थानीय तहको भूमिका सशक्त हुनुपर्ने भए पनि बजेटको अभावका कारण काम गर्न नसकेको बताइएको छ । आयोगले बन्दाबन्दीमा कोरोना भाइरसको जोखिमका बेलामा नागरिकको मानवअधिकार संरक्षण गर्न आयोगका सदस्य गोविन्द शर्मा पौडेलको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्क अनुसार (शुक्रबार दिउँसोसम्म) कोरोना भाइरसको सङ्क्रमणका कारण २२ नेपालीले ज्यान गुमाइसकेका छन । सातहजार ९०४ जना सङ्क्रमित छन् । तीमध्ये एकहजार १८६ निको भएर घर फर्किएका छन् । यसरी नेपालमा प्रतिदिन सङ्क्रमण बढ्दै गएको छ भने अर्कातर्फ योसँगै यस्तो जोखिमको बेलामा पनि हिंसाका घटना बढ्दै जानु झनै दुःखद् छ ।

सर्वोच्च अदालतले गत २७ जेठ गते बन्दाबन्दीका समयमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, शारीरिक रुपमा अस्वस्थ व्यक्तिको विशेष सुरक्षा गर्न सरकारका नाममा अन्तरिम आदेश जारी गर्यो । न्यायाधीशहरु डा. आनन्दमोहन भट्राई र सुष्मालता माथेमाको संयुक्त इजलासले कोरोना भाइरसको महामारीका बेलामा खाशगरी सुत्केरी, गर्भवती र स-साना बालबालिकाको अवस्था बारेमा ध्यान दिन अन्तरिम आदेश जारी गरेको हो ।

गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक माहाकारीका समयमा जोखिममा परेको उल्लेख गर्दै अधिवक्ता रोशनी पौडेल लगायतले दायर गरेको रिट निवेदनमाथि सुनुवाइमा अदालतले गर्भवती र सुत्केरी महिलाको स्वास्थ्य परीक्षणमा पनि विशेष ध्यान दिन भनेको छ ।

आदेशमा नाबालक शिशु र बालबालिकालाई दिनुपर्ने खोप नियमित गर्न र नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन् अधिकारलाई महिलाको हकको रुपमा प्रत्याभूत गरेको उल्लेख छ । सीमा प्रवेश गर्दादेखि नै क्वारेन्टिन वा आइसोलेसनमा रहँदासम्म महिलाको विशेष सुरक्षा गर्न, क्वारेन्टिनमा रहेका महिलालाई सुरक्षाका साथ अलग राखी विशेष हेरचाहको व्यवस्था गर्न र बन्दाबन्दीका बेलामा घरेलु हिंसा भएमा सम्बोधन गरी उजुरी दर्ता तथा कानूनी उपचारको बाटो प्रभावित नगर्न भनिएको छ ।

सर्वोच्च अदालतले क्वारेन्टिनलाई व्यवस्थित गर्न र त्यहाँ रहेकालाई कोरोना भाइरसको पिसिआर अनिवार्य परीक्षण गर्न समेत आदेश जारी गरेको थियो । बन्दाबन्दीका बेलामा महामारीबाट बच्न अदालतले दिएको आदेश कायान्वयनमा भने कमजोर अवस्था रहेको देखिन्छ ।

महिला, बालबालिका तथा समाज कल्याणमन्त्री पार्वत गुरुङले महिलाहिंसाजन्य घटना भएमा तत्कालै उद्धार गर्ने काम गरिरहेको बताए । महिला हिंसा घटना हुने बित्तिकै प्रहरीलाई खबर गरेर उद्धार गर्ने काम मन्त्रालयमार्फत भइरहेको छ, अहिलेसम्म धेरैको उद्धार पनि गरिएको छ- मन्त्री गुरुङले भने- पुनर्स्थापन गर्नुपर्ने अवस्थामा भएमा त्यसमा पनि काम गरिरहेका छौँ, यस्ता घटना न्यूनीकरणका लागि पूर्ण रुपमा प्रयास गरिरहेका छौँ ।

मानवअधिकार आयोगले कोरोना भाइरस र बन्दाबन्दीको अवधिको अनुगमनबाट प्राप्त तथ्यका आधारमा सरकारलाई कार्यान्वयनका लागि २२ बुँदे सिफारिस गरेको छ । बन्दाबन्दीको अवधिमा हुन सक्ने लैङ्गिक हिंसा रोकथाम र न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न, घरेलु हिंसाको रोकथाम र यसबाट बच्न आवश्यक उपाय अवलम्बन गरी महिलालाई हिंसाबाट बचाउनुपर्छ- सिफारिश पत्रमा भनिएको छ- क्वारेन्टीनमा रहेका गर्भवती तथा सुत्केरी महिलालाई आवश्यक सेवा सुविधा तथा स्वास्थ्य सामग्री उपलब्ध गराउनु बन्दाबन्दीको अवधिमा राहत वितरणमा देखिएका समस्याको उचित व्यवस्थापन गर्नु । अपाङ्ग, अशक्त, गर्भवती, ज्येष्ठ नागरिक, बालबालिका, कैदीबन्दी, सुकुम्वासी तथा अति विपन्नवर्गका लागि राहतमा विशेष ध्यान पुऱ्याउन पनि सो सिफारिश पत्रमा भनिएको छ ।

बन्दाबन्दीको अवधिमा बढ्दै गएका महिला हिंसाको न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न, क्वारेन्टीनभित्रको व्यवस्थापनलाई थप व्यवस्थित गर्न तथा सिमानामा आई लामो समयदेखि क्वारेन्टिनमा बसेका नागरिकको सम्बन्धमा सर्वोच्च अदालतको अन्तरिम आदेश पालना गरी मानवअधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि संघ, प्रदेश र स्थानीय सरकारबीच आवश्यक समन्वय गर्न भनिएको छ । महामारीको अवस्थामा पनि बलात्कार, महिलामाथि कुटपिटलगायत घटना भइरहेको हुँदा महिलाहरु अझबढी जोखिममा परेको देखिएकोले सरकारका सम्बद्ध निकायहरुले यसतर्फ बढी सतर्कता अपनाउनुपर्ने देखिन्छ ।

## पीसीआर ...

उपशाखाका सभापति सजेश शिवाकोटी, जिल्ला सहकारी संघका सहसचिव भवानी दंगाल, नागरिक समाजका लोकबन्धु कन्दङ्वा, रुद्र-गौरी, श्री-अम्बिका ओली प्रतिष्ठानका सचिव यज्ञराज (गोपाल) ओली, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष मदनगोपाल सुब्बा, रोटरी क्लव अफ बिर्तामोडका अध्यक्ष निर्मल भट्टराई, वीरता जेसीजका अध्यक्ष मिजास पोखरेलले विभिन्न सुझावसहित प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यस्तै चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण बिमली, बिर्तामोड खानेपानी सरसफाई उपभोक्ता संस्थाका सचिव मेघराज बाँस्तोला, सहारा नेपाल साकोसका अर्जुन चुडाल, हरि शर्मा, राजेन्द्र चम्लागाई, बिकास बस्नेत लगायतले समेत बैठकमा सुझाव राखेको संवाद समूहका सहजकर्ता अधिवक्ता खगेन्द्र खरेलले जानकारी दिए ।

सहसंयोजक बिनोद बस्नेतले अभियानको प्रगतिबारे जानकारी गराएका थिए भने बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले स्वागत गरेका थिए ।

सम्पूर्ण उपकरण र आवश्यक पूर्वाधारसहित एक करोड १५ लाख लागत अनुमान गरी स्थापना गर्न लागिएको पीसीआर ल्याबका लागि ८० लाख रुपैयाँ भन्दा बढी रकम जुटिसकेको छ ।

## रुद्र-गौरी ...

अभियानलाई प्रदान गर्ने घोषणा गरेको संस्थाका पर्शुराम ढुंगानाले बताए ।

त्यस्तै शिवसताक्षी-७ स्थित देउमाई बचत तथा ऋण सहकारी संस्थाले २५ हजार एक सय २५ रुपैयाँ प्रदान गर्ने सो संस्थाका अध्यक्ष मणिप्रसाद खप्तरी खड्काले घोषणा गरे । त्यस्तै बिर्तामोड निवासी शेखर-आशा ढकालले १० हजार एक सय एक रुपैयाँ, कृष्ण-माया प्रसाईंले १० हजार एक सय एक रुपैयाँ, जीवन-शारदा रिजालले पाँच हजार एक सय एक रुपैयाँ प्रदान गरेको अभियानका सदस्य गजेन्द्र पौडेलले जानकारी दिए ।

एकका लागि एक अभियान अन्तर्गत हालसम्म ८० लाख रुपैयाँभन्दा बढी रकम संकलन भइसकेको अभियानका संयोजक महेन्द्रकुमार गिरीले जानकारी दिए । जसमध्ये विपन्न परिवारलाई राहत, भीटीएम किट, विपन्नलाई खाना लगायतका शीर्षकमा करिब ४० लाख रुपैयाँ खर्च भएको छ ।

पीसीआर ल्याव खरिदका लागि अभियान अन्तर्गत ३० लाख रुपैयाँ जुटिसकेको सहसंयोजक विनोद बस्नेतले बताए । अभियानका अगुवाईमा पीसीआर ल्याव खरिदका लागि अन्तर्राष्ट्रिय झापाली समाज र सहकारी अभियानको तर्फबाट २५/२५ लाख रुपैयाँ प्रदान गर्ने घोषणा यसअघि नै भइसकेको छ ।







**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक–पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो–खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन–९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

**बिर्तामोड नगरपालिका**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५४१००२/प्रशासन/विज्ञापन : ०२३–५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# स्वास्थ्य सेवाको प्रत्याभूति गर

मानव स्वास्थ्यको जोखिम बहन गर्न विश्वभर स्वास्थ्य बीमा गर्ने गरिएको छ । यसै अनुसार हाम्रो देशमा पनि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्यलाई मानिसको सबैभन्दा ठूलो धन भनिन्छ। तर, चेतनाको कमी, कमजोर आर्थिक अवस्था र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको अनुपलब्धताका कारण नेपालीहरू आवश्यक सेवाको पहुँचमा छैनन् । त्यस्तै जनसंख्याको अनुपातमा दक्ष जनशक्तिको अभाव छ, विषयविज्ञ चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको पनि कमी छ । यस्तोमा जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकार स्वतः अवरुद्ध हुन्छ, गुणस्तरीय सेवा प्राप्त गर्ने अधिकार त टाढाको कुरा भयो ।

आमजनतालाई स्वास्थ्य सेवाको प्रत्याभूति दिने दायित्व सरकारको हो । सबै क्षेत्र, भूगोल र तहमा आवश्यक पर्ने विशेषज्ञ सहितको सेवासुविधा उपलब्ध गराएबापत सरकारले जनताबाट कर उठाउँछ । जनताबाट संकलित कर दृष्य–अदृष्य जे भए पनि उद्देश्य भनेको जनताकै सेवामा खर्च गर्ने हो । तर, जनताले बिशेषज्ञसहितको सेवा होइन आधारभूत स्वास्थ्य सेवा समेत उपभोग गर्न पाइरहेका छैनन् । यद्यपि नेपालको संविधानमै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने हक उल्लेख छ र कसैलाई पनि आकस्मिक सेवाबाट वञ्चित गरिने छैन भनिएको छ ।

सवैधानिक व्यवस्था अनुसार नै जनतालाई स्वास्थ्य उपचारका बारेमा जानकारी पाउने, सेवा प्राप्तिका लागि समान पहुँचको हक छ । यसैको परिपूर्तिका लागि विभिन्न सेवाहरु प्रदान गर्ने गरिन्छ । बाल स्वास्थ्य, मातृ स्वास्थ्य, पोषण तथा रोग नियन्त्रण लगायतका सेवाहरु मानिसका आधारभूत स्वास्थ्य सेवा हुन् । यस्तै अत्यावश्यक औषधि, आकस्मिक सेवा, महामारी, सर्ने र नसर्ने रोग नियन्त्रण लगायतका सेवा पनि संविधान प्रदत्त सेवा हुन् । यी सबै प्रकारका सेवा पहुँचले मानसिक, शारीरिक, सामाजिक र भावनात्मक स्वास्थ्यलाई दुरूस्त राख्दछ ।

सरकारले यी सबै स्वास्थ्य सेवाको प्रत्याभूति दिन र पहुँच बढाउन लागू गरेको बीमा कार्यक्रम झापामा निरर्थक हुन थालेको समाचार छ । बिर्तामोडस्थित बीएण्डसी अस्पतालले बिमितहरुलाई औषधि दिन छाडेपछि जोखिम बहन गर्ने आशामा बीमा गरेकाहरु निराश हुन थालेका छन् । भविष्यमा आउनसक्ने जोखिम वहन गर्न गरेको स्वास्थ्य बीमा गर्नेहरूको संख्या भने बढ्दो छ । झापामा मात्र एक्काइस वटा सेवा केन्द्र मार्फत बिमितले सेवा लिइरहेका थिए । ती मध्ये चार वटा सरकारी, छ वटा पीएचसी, चार वटा निजी अस्पताल र चार वटा आँखा अस्पतालबाट स्वास्थ्य सेवा बीमा अन्तर्गतको सेवा प्रवाह भइरहेको छ । त्यसमध्ये झापाकै ठूलो अस्पतालले सेवा प्रवाह गरेवापत बाह्र करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको भन्दै बिमितलाई फर्काएको छ । सरकारका तर्फबाट बक्यौता भुक्तानी गर्ने वातावरण बनाई जनताको जीवन सहज बनाउनु पर्छ । यसो नभए संबिधान प्रदत्त जनताको अधिकार कुण्ठित हुनेछ र सरकार प्रति नै अबिश्वास बढ्ने छ । त्यसैले यसतर्फ सम्बद्ध निकायको गम्भीर ध्यानाकर्षण हुनुपर्दछ ।

# कोभिड-१९ र नेपालमा अनलाइन शिक्षाको महत्व



तीर्थराज खरेल

नेपाली शैक्षिक संस्कृति शिक्षक र विद्यार्थी एकै ठाउँ भेला भएर सिक्ने सिकाउने प्रत्यक्ष शिक्षण प्रक्रियामै रुमलिएको छ। यस परम्पराको लामो इतिहास गुरूकूल संस्कृतिदेखि शुरू भएर अहिलेको औपचारिक विद्यालय शिक्षासम्म पनि कायमै छ। मुलुकमा स्वास्थ्य, शिक्षा, पर्यटन, उद्योग वाणिज्य, अर्थ, सञ्चार, कृषि, विज्ञान-प्रविधि, ऊर्जा, जलस्रोत तथा राजनीति सबैतिर चामत्कारिक विकास गर्ने हो भने त्यहाँका सञ्चालक वा प्रवर्द्धकहरु स्वास्थ्य, आदर्शवान र शिक्षित हुनु जरुरी हुन्छ। त्यस्ता जनशक्ति उत्पादन गर्ने कारखाना भनेकै विद्यालय, महाविद्यालय र विश्वविद्यालय हुन्। विश्वग्रामको अवधारणा स्थापित भए पनि परीक्षामुखी शिक्षा प्रणाली भएको नेपाल जस्तो अल्पविकसित मुलुकमा विद्यालय, शिक्षक र पाठ्यक्रमको उपलब्धतामा कक्षाकोठामा गरिने शिक्षण विधिलाई तत्काल सूचना प्रविधिमैत्रीमा रुपान्तरण गर्ने ठोस प्रयास भएको छैन।

तथापि विश्वव्यापी कोरोना भाइरसको जोखिम र लामो समयको लकडाउनले नेपालमा 'भर्चुअल' शिक्षाको यात्रालाई अघि बढाउन खोज्दैछ। यसलाई वैकल्पिक विधिको अनलाइन या दूरशिक्षा पनि भन्न सकिन्छ। कोरोना संक्रमणको जोखिम न्यून गर्न सामाजिक दूरी कायम गर्नुपर्ने भएकाले विद्यमान शिक्षा पद्धति र सामाजिक संस्कारमै नयाँ विधि ल्याउन सक्ने देखिएको छ। यसअघि शिक्षाका विभिन्न नीतिगत दस्तावेजमा सूचना र प्रविधिको सदुपयोग गरी शिक्षण पद्धतिले आफूलाई रुपान्तरण गर्नुपर्ने विषय पनि उल्लेख गरिएको देखिन्छ। राष्ट्रिय शिक्षा नीति, २०७६, विज्ञान तथा नवप्रवर्तन सम्बन्धी नीति, २०७६ र त्यसअघिका विद्यालय क्षेत्र विकास कार्यक्रम आदिले शिक्षामा सूचना र प्रविधिको प्रयोगको प्राथमिकतालाई औंल्याएका छन्। कोरोनाको उद्‌गमस्थल मानिएको चीन र अरू मुलुकमा अनलाइन माध्यमबाट शिक्षा दिइएका बेला नेपालमा पनि कोरोनाको जोखिम देखिएपछि शिक्षा प्रणालीमा प्राविधिक रुपान्तरणको बहस थप जागृत भएको छ। बन्दाबन्दीका कारण घरमै बस्नुपर्दा आम अभिभावक र विद्यार्थीले सूचना, सञ्चार र प्रविधिलाई थप अपनत्व दिएका छन्। यसले खुला तथा स्वतन्त्र सिकाइको आधार तयार गर्दै गएको छ। घर वा आफ्नो अनुकूलको स्थानमा बसेर निश्चित प्रविधिको सहयोगले पाठ्यसामग्री र शैक्षिक क्रियाकलापका माध्यमबाट सिकाइ प्राप्त गरिने शिक्षा दूरशिक्षा हो।

नेपाली शिक्षाको इतिहासमा अचेलको जस्तो प्रविधि नभएको अवस्थामा औपचारिक शिक्षा थालनी हुनुपूर्व गुरुकुलीय शिक्षा वा स्वाध्यायनको पनि विशेष महत्व रहेको तथ्यलाई पनि हामीले बिर्सन मिल्दैन। अहिले प्रयोगमा आएका नवीनतम् अभ्यासलाई हेर्दा, शिक्षामा प्रविधिको प्रयोगले अनलाईन सिकाइलाई खुला तथा दूरशिक्षाको रूपमा प्रश्रय दिएको पाइन्छ र यसले लोकप्रियता पनि हासिल गरेको देखिन्छ। सिकारु र शिक्षक एकै ठाउँमा नरहेर टाढाबाट नै शिक्षा लिनदिन सकिने गरी आधुनिक ज्ञान, सीप, प्रविधिको प्रयोग गरी शिक्षा-शिक्षण हुने खुला शिक्षाको मूल अवधारणा हो। यो एक प्रकारको अदृश्य अर्थात् भर्च्युल कक्षा हो। भौगोलिक रुपमा टाढा रहेका सिकारुका लागि यो शिक्षा पद्धति अति उपयोगी छ। खुला शिक्षाले उमेर, र दूरी दुवैमा आधारित हुँदैन। जहाँसुकै रहेका र जुनसुकै उमेर समूहका विद्यार्थीले खुला शिक्षाबाट लाभ लिन सक्छन्।

नेपालमा खुला तथा दूर सिकाइका अभ्यासहरूको इतिहास लामो छैन। नेपालमा शिक्षाको परम्परागत माध्यमको विकल्पको रूपमा



खुला तथा दूर सिकाइको भविष्य राम्रो देखिन्छ। यसका लागि नेपालमा खुला तथा दूर सिकाइको सफल प्रयोग गर्न खुला विश्वविद्यालयको धारणा शुरु भएर अहिले मूर्तरुप लिइसकेको अवस्था छ। विश्वमा खुला विश्वविद्यालयको स्थापना र सञ्चालनको इतिहास ६० वर्षको हाराहारी छ भन्दा पनि हुन्छ। पहिलो खुला विश्वविद्यालय बेलायतको ओपन युनिभर्सिटी हो। यसको स्थापना सन् १९६९ मा भएको हो र यसपछि अन्य विश्वविद्यालयहरुको स्थापना भयो। हाम्रा छिमेकी देशहरुमा पनि खुला विश्वविद्यालय स्थापनाको क्रम बढेर गएको छ।

अन्य सार्क मुलुकमा पनि खुला तथा दूर शिक्षाको महत्व बढेको पाइन्छ। घरमै बसेर विश्व विद्यालयमा भर्ना हुनेदेखि परीक्षा दिन पाउनेसम्मका सुविधा प्राप्तिको लागि नेपालमा पनि ढोका खुलेको छ। नेपाल खुला विश्व विद्यालयले परीक्षाको नतिजापछि प्रमाणपत्र लिनका लागि मात्र विश्व विद्यालयमा पुग्नुपर्ने आधुनिक शिक्षा पद्धतिको थालनी गर्दैछ। नेपाल खुला विश्व विद्यालयले आफ्नो शैक्षिक कार्यक्रम शुरु गरेपछि दैनिक कलेज जान नसक्नेले उक्त विश्व विद्यालयबाट घरमै बसेर उच्च शिक्षा आर्जन गर्न पाउने छन्। त्यसका लागि विद्यार्थीसँग कम्प्युटरको सुविधा उपलब्ध हुनुपर्दछ। पछि घरबाटै इन्टरनेटमार्फत परीक्षा दिन सकिने सुविधा उपलब्ध गराइने भए पनि प्रारम्भमा भने तोकिएको केन्द्रमा परीक्षा दिन जानुपर्ने हुन्छ। विद्यार्थीले घरमै बसेर ई-बैङ्किङ् मार्फत् भर्ना तथा परीक्षाका लागि शुल्क बुझाउन सकिने छ भने पाठ्यसामग्री पनि इन्टरनेटमार्फत प्राप्त गर्न सकिनेछ। विद्यार्थीले शिक्षकसँग सम्पर्क गर्नुपर्नेखालको पाठ्यक्रम तयार भइरहेको छ। विद्यार्थीले शिक्षकसँग प्रत्यक्ष सम्पर्क नै नगरेमा त्यसले गुणस्तरलाई सुनिश्चित गर्दैन तर सम्पर्क गर्नुपर्ने अवधि निकै कम हुनेछ।

खुला विश्वविद्यालयले जारी गर्ने प्रमाणपत्र विश्वमान्यता प्राप्त हुनेछ। खुला शिक्षा प्रणालीका नवीनतम् शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्च शिक्षामा सर्वसाधारणको सहज पहुँच पुर्‍याई ज्ञान, सीप, प्रविधियुक्त जनशक्ति उत्पादन गर्न नेपाल खुला विश्वविद्यालयको स्थापना गरिएको यसको ऐनमा उल्लेख छ। खुलाशिक्षा प्रणालीका नवीनतम् शिक्षण प्रवधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्चशिक्षामा सर्वसाधारणको पहुँच पुर्‍याई ज्ञान, सीप र प्रविधियुक्त जनशक्ति उत्पादन गर्न खुला विश्वविद्यालयको महत्वपूर्ण भूमिका हुन्छ। नियमित रुपमा क्याम्पस जान नसक्ने विद्यार्थीलाई अध्ययनको सुविधा दिने उद्देश्यले खुला विश्वविद्यालयको धारणा अघि आएको हो। यो विश्वविद्यालयमा विद्यार्थीले घरैमा बसेर पढ्न र अनलाइन मार्फत परीक्षा दिन सक्नेछन्। यस्ता विश्वविद्यालयमा स्वदेश तथा विदेशमा बस्ने समेत भर्ना हुन सक्ने प्रावधान पनि रहन्छ। खुला विश्वविद्यालयको अवधारणा सबैका लागि उच्च शिक्षाको पहुँचका दृष्टिकोणबाट हेर्दा अति उत्तम देखिन्छ।

खुला शिक्षा स्रोत कम भए पनि पुग्ने सस्तो शिक्षा प्रणाली भएको र दुर्गम क्षेत्रमा पनि सजिलै उपलब्ध हुने, अनौपचारिक शिक्षा पद्धति पनि प्रयोग हुने, ज्ञान, सीप, प्रविधिलाई अद्यावधिक गर्न सहज हुने, अहिलेको युगको सर्वोत्तम उपलब्धि आईसीटीको सदुपयोग गरिने र सिकारुले भूमण्डलीकरणका सकारात्मक पक्षसँग साक्षात्कार गराउने भएबाट यसको महत्व धेरै छ। नेपालमा शिक्षा प्राप्त गर्ने अभिलाषा उत्कट छ, तर सबैलाई यस्तो अवसर छैन। खुला विश्वविद्यालयले उच्च शिक्षा प्राप्त गर्ने अभिलाषालाई पूरा गर्दछ। वातावरण संरक्षण, कृषिमा आधुनिकीकरण, समाजशास्त्र, संस्कृति, व्यवस्थापन, कानून लगायतका विधाहरुमा खुला शिक्षाले सहजरुपमा शिक्षा प्राप्ति काम लागि सहयोग गर्दछ।

दुर्गम र पिछडिएको क्षेत्रका लागि खुला विश्वविद्यालयले अति महत्वपूर्ण टेवा दिन्छ। खुला विश्वविद्यालयको काम अघि बढिसकेपछि हाल विद्यामान विश्वविद्यालयहरुमा रहेको विद्यार्थी चापमा सन्तुलन हुने र शैक्षिक गुणस्तर कायम हुन सहज वातावरण तयार हुने प्रबल सम्भावना छ। खुला विश्वविद्यालयले अनुसन्धान तहको पनि कार्यक्रम सञ्चालन गर्ने भएबाट रोजगारीमा रहेका र विश्वविद्यालय नियमित जान नसक्नेका लागि उच्च शिक्षाको अवसरको ढोका खोल्दछ। नेपालमा खुला शिक्षाको महत्व र गरिमालाई नेपाल सरकारले बुझेर यस सम्बन्धी कानून निर्माण गरी नेपाल खुला विश्वविद्यालय स्थापना गरिसकेको अवस्था छ र अब यो विश्वविद्यालयलाई राष्ट्रिय परिस्थिति र अन्तर्राष्ट्रिय अनुभवलाई आत्मसात गर्दै विकसित गर्नु आवश्यक छ। यसलाई सुचारु गरेपछि यसले गति लिनेमा विश्वास गर्न सकिन्छ।

कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई अनलाइन शिक्षा दिन त्यति सजिलो छैन। चीनको वुहान शहरबाट प्रारम्भ भएको भनिएको कोभिड-१९ को संक्रमण तीव्ररुपमा विश्वव्यापी बनिरहेकोछ। यस भाइरसको विरुद्ध कुनै खोप र औषधि पत्ता नलागेको अवस्थामा यसको संक्रमण फैलन नदिन नेपालसहित विश्वका धेरै जसो मुलुकहरु लकडाउनको अवस्थामा रहेका छन्। विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरुमा मनोवैज्ञानिक सन्त्रास व्याप्त रहेकोछ। यसैगरी सामुदायिक विद्यालयमा पढ्ने धेरैजसो विद्यार्थीहरु दैनिक ज्याला मजदुरी गर्ने न्यून आय वर्गका परिवारका छन्। लकडाउनको यस परिस्थितीमा उनीहरुको परिवारमा हातमुख जोर्नेसमस्याले विद्यार्थीहरुमा पर्ने मनोवैज्ञानिक असर र त्यस पछिको सिकाइमा यसले पार्ने गम्भीर असर अर्को महत्वपूर्ण पक्ष हो। त्यसैगरी, शहर-बजार तथा उद्योगधन्दा बन्द भएपछि बसेको स्थानबाट अभिभावकसँगै पुरानै थाँतथलो जाने विद्यार्थीहरुको संख्या धेरै नै छ। पूर्ववत् रुपमा उनीहरु पुरानै विद्यालयमा कति फर्कन सक्छन् कतिले बिचैमा पढाइ छाड्छन गम्भीर ध्यानाकर्षणको विषय हो।

समस्याहरु धेरै छन्, तर समाधान सीमित छन्। कोरोनाको महामारी छिट्टै रोकिने परिस्थिति पनि देखिँदैन। जे भए पनि अनलाइन शिक्षाको महत्व धेरै बढेर गएको छ। बहुआयामिक सहयोग, साथ र समर्थनबाट मात्र अनलाइन शिक्षालाई प्रभावकारी बनाउन सकिन्छ। शिक्षकहरुले मात्र यसलाई सफलतामा पुऱ्याउन सक्ने परिस्थिति छैन।

*tirthakharel2028@gmail.com*

# धर्ती माता रजश्वला हुने दिन



रत्नबहादुर बस्नेत

हाम्रो संस्कृतिमा हरेक वर्ष असार महिनाको ८ गतेलाई महत्वपूर्ण दिनका रुपमा मानिन्छ। भूमिरजको नामले प्रशिद्ध यसदिन पृथ्वी अर्थात् धर्तीमाता रजस्वला हुने विश्वासका साथ जमिन खनजोत गर्न हुँदैन भन्ने मान्यता रहेको छ।

भूमिको अर्थ माटो वा पृथ्वी र रज भनेको रजवतीको समय भएकोले यस दिनलाई भूमिरज भनिएको हो। हाम्रो देशको प्रमुख खाद्यान्न बाली धानखेतीको विशेष तयारीका लागि संकल्पपूर्वक ध्यान शक्ति केन्द्रित गरिने अवसरका रुपमा यस दिनलाई लिइने गरिन्छ। यसदिन जमिनको खनजोत गर्ने कार्य बन्द गरेर खेतीपातीका लागि आवश्यक सामग्री कुटो, कोदालो, हलो, घुम आदि जोहो गर्ने अवसर विशेषका रुपमा यस दिनको महत्व रहेको पाइन्छ। हाम्रो संस्कृतिमा कुनै पनि शुभकार्य सफलतापूर्वक सम्पन्न गरी लक्षित उद्देश्य प्राप्त गर्न दृढसंकल्पका साथ विशेष तयारी गर्ने विधान छ।

सांस्कृतिक तथा वैज्ञानिकरुपमा असार ८ गतेले यसै तर्फ संकेत गरेको पाइन्छ। मानो खाएर मुरी उब्जाउने समयका रुपमा रहेको असार महिना किसानका लागि वर्ष



भरिकै सबैभन्दा व्यस्त तथा महत्वपूर्ण महिना मानिन्छ। वास्तवमा सर्वाधिक जल वर्षा हुने असारले वर्षभरिकै सार महिनाको महिमा बोकेको छ। यो महिनाको ८ गते (जुन २२)लाई विश्वको सबैभन्दा लामो दिन मानिन्छ।

हामी बसेको पृथ्वीलाई हामी धर्तीमाता र हाम्रो देशलाई नेपालआमा भनेर मातृ (स्त्री लिङ्गका)रुपमा पुकारा गर्ने प्रचलन छ। 'नेपाल जननी बन्देः' भनेर मातृभूमिको बन्दना गर्ने संस्कृति समेत हामी कहाँ छ। त्यसैले वर्षमा एकदिन रजवती हुने विश्वासका साथ धर्तीमाता तथा मातृभूमिप्रति श्रद्धा-सम्मान व्यक्त गर्दै माटो खनजोत गर्न निषेध गरिएको हो।

श्रद्धापूर्वक गरिएका मानवीय कर्मबाटै सफलता र सन्तुष्टि प्राप्त सकिन्छ। जहाँ जुन माटोमा हामी जन्मन्छौं, हुर्कन्छौं र जसको अन्नपात खाएर पुष्टि तथा अन्तुष्टि प्राप्त गर्दछौं। प्रकृतिको आठ अंग तथा पञ्चतत्व मध्ये एक पृथ्वीबाट धैर्य एवम् क्षमाको गुण सिक्नुपर्छ भनिएको छ। जो बिना कुनै पनि वनस्पति तथा प्राणीको कल्पना गर्न सकिँदैन। यस्तो सम्पूर्ण जीवजगतको आश्रय स्थल पृथ्वीमाता वा मातृभूमिप्रति श्रद्धा, विश्वास कायम गर्नु हाम्रो कर्तव्य समेत ठहर्दछ। यस दिनदेखि जमिनको उर्वराशक्ति बढ्ने भएकाले भोलिपल्टदेखि लगनशील भई उत्साहका साथ कृषि कर्ममा समर्पित बन्ने गरिन्छ।

धार्मिक मान्यता अनुसार सतीदेवीको महामुद्रा ( योनीमुद्रा) पतन भएको स्थानको रुपमा रहेको भारतको गुवाहटीस्थित कामाख्या शक्तिपीठ (देवी मन्दिर)मा यस दिनदेखि तीन दिन बन्द गरी सरसफाई गरेर चौथो दिनदेखि पूजा आरम्भ गरिने परम्परा समेत रहेको छ।

सतीदेवीको योनीमुद्रा पतन भई उत्पन्न भएको मानिने कामाख्या देवी (शक्तिपीठ) को पूजा तीन दिन बन्द गरिनुको रहस्य र सम्बन्ध यसै दिन (भूमिरज)सँग जोडिएको छ। कामाख्या देवी मन्दिर भारतको चर्चित मन्दिर अन्तरगत पर्दछ। यो भारतका प्रमुख ५१ शक्तिपीठमध्ये एक हो। यो मन्दिर आसामको गुवाहटीस्थित नीलाचल पर्वतमा पर्दछ। भगवान शिवकी पत्नी सतीदेवीको योनीमुद्रा (पाठेघर) यहीं खसेको पुराणहरुमा उल्लेख छ।

यो शक्तिपीठमा बर्षेनि प्रजनन् उत्सव हुन्छ, जसलाई अम्बुबासी पूजा भनिन्छ। यो समय देवी बार्षिक रजस्वला चक्रमा गएको विश्वास गरिन्छ। हामीकहाँ भूमिरज पृथ्वी रजस्वला भएको दिनका रुपमा एकदिन मान्नेथचलन रहे पनि उक्त अवसरमा सो मन्दिर तीन बन्द हुन्छ र चौथो दिन धुमधामका साथ खोलिन्छ। यतिबेला ब्रह्मपुत्र नदी पनि रातो हुने विश्वास गरिन्छ। देवी रजश्वला भएको र उनैको रगतको कारण पानी रातो हुने जनश्रुति छ।

शक्तिपीठ नजिकैको रातो पानी भक्तजनलाई वितरण गरिन्छ। देवीको रजस्वलाको रगत मिसिएको उक्त पानी पवित्र मानेर मानिसहरुले त्यसको स्नान तथा सेवन गर्दछन्। रजस्वला भएकी देवी पूजा गरिने विश्वको यो एकमात्र मन्दिर हो। कामाख्या देवी मन्दिर अन्यभन्दा फरक छ। यो पीठमा देवीको मूर्तिको साटो देवीको योनीको नै पूजा गरिन्छ। भनिन्छ, देवीको यौनाङ्गस्वरुप पत्थर सधैं ओसिलो रहन्छ। मन्दिरभित्र रजस्वला भएको विश्वास गरिने कामाख्या देवीको पूजा हुन्छ, तर उक्त मन्दिरमा पूजा गर्न रजस्वला भएका महिलाले प्रवेश पाउँदैनन्। यो मन्दिर तन्त्र साधनाका लागि सर्वोत्कृष्ट मानिन्छ।

स्त्री जातिमा सन्तानोत्पतिका लागि प्रकृति प्रदत्त विशेष शारीरिक प्रक्रियाको रुपमा रहेको मासिक धर्म ( रजस्वला) को समयमा विशेष नियम पालना गर्दै मर्यादित बन्ने परम्परागत मूल्य-मान्यता आत्मसाथ गर्ने हामी जसका सन्ततिका रुपमा रहेका छौं उनै धर्तीमाताप्रति मातृभावले उच्च दृष्टिकोण कायम गर्न निर्देशित नियम पालनाका लागि प्रेरित गर्नु नै यस दिनको सन्देश हो।

# सर्पदंशका बिरामी बढे



**झापा, असार ७।** गर्मी र वर्षाको मौसम शुरु भएसँगै तराईमा सर्पदंशका बिरामी बढ्न थालेका छन् । नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाद्वारा सञ्चालित सर्पदंश उपचार केन्द्रको पछिल्लो तीन महिनाको तथ्याङ्कले सर्पदंशका बिरामी बढेको पाइएको हो ।

उपचार केन्द्रमा गत चैतमा ४२ सर्पदंशका बिरामीको उपचार भएको थियो भने वैशाखमा ४४ को उपचार भएको थियो तर जेठमा भने बिरामीको संख्या बढेर ८० जना पुगेको देखियो । असारको छ दिनमै ३१ सर्पदंशका बिरामीले उपचार केन्द्रबाट उपचार पाएको केन्द्रका प्राविधिक हेमचन्द्र अधिकारीले जानकारी दिए । सर्पदंश उपचार केन्द्रमा वार्षिक एक हजार पाँच सयका हाराहारीमा सर्पदंशका बिरामीले उपचार सेवा पाउँदै आएका छन् ।

चिसो र सुक्खा मौसममा दुलोभित्र रहने सर्प गर्मीसँगै वर्षा हुन थालेपछि बाहिर निस्कने गर्नाले हरेक वर्ष यो मौसममा सर्पदंशका बिरामी बढ्ने गरेको उनले बताए । तराई क्षेत्रमा गोमन, करेत जस्ता विषालु सर्पको डसाइका बिरामी आउने गरेका छन् भने पहाडी क्षेत्रबाट गुर्भे, हरेउ जस्ता सर्पले टोकेका बिरामी यहाँ आउने गरेको उपचार केन्द्र इन्चार्ज देवी भण्डारीले बताए ।

गर्मी र वर्षाको मौसममा सर्पको टोकाइको जोखिम धेरै हुने भएकाले घर वरिपरिको सरसफाईमा ध्यान दिन उपचार केन्द्र प्रमुख भण्डारीले आग्रह गरेका छन् । त्यसैगरी राति अँध्यारोमा हिँड्दा टर्चलाइट लिएर मात्रै निस्कनुपर्ने, दाउराघाँस गर्दा पूरा बाहुलाको कपडा लगाउने र गमबुट लगाउने गर्नाले सर्पदंशबाट बच्न सकिने उनको भनाइ छ ।

त्यसैगरी विशेषगरी करेत सर्पले घरभित्रै टोक्ने भएकाले राति सुत्दा भुइँमा नसुत्ने, झुल टाँगेर मात्रै सुत्ने गर्दा पनि सर्पको टोकाइबाट बच्न सकिने उनले बताए ।

## कोरोनाबाट मृत्यु भएका बस्नेतको १३ दिनपछि अन्त्येष्टि

**झापा, असार ७।** कोरोना संक्रमणबाट भारतको नयाँ दिल्लीमा निधन भएका एक नेपालीको १३ दिनपछि अन्त्येष्टि गरिएको छ ।

नयाँ दिल्लीको पहाडगञ्ज क्षेत्रमा कुरियर सेवामा कार्यरत् झापाका ४९ वर्षीय ज्ञानबहादुर बस्नेतको कोरोना संक्रमणबाट गत जेठ २५ गते निधन भए पनि १३ दिनपछि शनिबार नेपाली जनसम्पर्क समिति भारतको सहयोगमा दिल्लीमा अन्तिम संस्कार गरिएको हो ।

जनसम्पर्क समिति भारतका अध्यक्ष बालकृष्ण पाण्डेले कोरोना संक्रमणबाट निधन भएका बस्नेतको शवलाई नेपाल पठाउन समस्या भएपछि दिल्लीमै अन्त्येष्टि गरिएको जानकारी दिए । 'दिल्लीमा शव बुझ्ने व्यक्ति नभएपछि ग्रीनतारा सोसाइटीको पहलमा नेपाली जनसम्पर्क समिति भारतले शव बुझेर अन्तिम संस्कार गरेको हो' -अध्यक्ष पाण्डेले भने ।

शव बुझ्ने व्यक्ति नेपालमा भएपछि परिवारलाई पत्राचार गरेर शव व्यवस्थापन गरिएको थियो । जेठ २२ गते स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि लेडिहार्डिङ अस्पतालमा लगिएका बस्नेतको कोरोना पुष्टि भएको थियो ।

# ताप्लेजुङमा जैतुन खेती गरिँदै



**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, आसार ७।** ताप्लेजुङको फुङलिङ नगरपालिकाका किसानले जिल्लामै पहिलोपटक जैतुन खेती शुरु गरेका छन् ।

महँगो मूल्य पर्ने र धेरै उपयोगी तेलको रुपमा चिनिने जैतुन खेती फुङलिङ-२ तारिबुङ र वडा नं. ३ मेदीबुङका किसानले शुरु गरेका हुन् । जैतुनको तेल महँगो मूल्यमा बिक्री हुने हुँदा यसको खेतीमा संलग्न किसानले राम्रो आम्दानी लिँदै आएको थाहा पाएपछि आफूहरुले जैतुन खेती शुरु गरेको किसानको भनाइ छ । अहिले फुङलिङ-२ तारिबुङका सुबास घिसिङ, वडा नं. ३ का देवराज पालुङ्वा, दयाराम घिमिरेसहित चारजना किसानले परीक्षणका रुपमा खेती शुरु गरेका हुन् ।

बाग्लुङ जिल्लाबाट जैतुनको बिरुवा ल्याएर एक वर्ष अघिदेखि खेती शुरु गरेको तारिबुङका किसान घिसिङले बताए । घिसिङले बिरुवा प्रतिगोटा आठ सय रुपैयाँले खरिद गरी एक सय वटा ल्याएर रोपेको जानकारी दिए । जिल्ला ल्याई पुऱ्याउँदा ढुवानी खर्च समेत प्रतिगोटा एक हजार सय रुपैयाँ परेको उनले बताए । घिसिङसँगै अन्य तीन जना किसानले पनि एक सयकै संख्यामा बिरुवा ल्याएर खेती शुरु गरेका छन् ।

यता परीक्षण खेतीका रुपमा आफूहरुले जैतुनको बिरुवा ल्याएर रोपेको खेतीमा संलग्न किसानले बताएका छन् । खेती सफल भएमा अझ बिस्तार गर्दै जाने र अन्य किसानलाई पनि जैतुन खेती गर्न तर्फ प्रोत्साहित गरिने उनीहरुको भनाइ छ । एक हजार पाँच सयदेखि दुई हजार फिटभन्दा बढीको उचाइसम्ममा खेती गर्न सकिने भएकाले आफूहरुले लगाएको जैतुन खेती फस्टाउने समेत उनीहरुले बताए । जैतुनको बिरुवा रोपेको तीन वर्षदेखि फल लाग्न थाल्दछ ।

चिसो हावापानीमा राम्ररी उत्पादन हुने जैतुन खेतीका लागि पाखो र भिरालो जमिन भए पुग्ने किसान बताउँछन् । किसानका अनुसार समतल नभई पाखो वा भिरालो जमिनलाई ब्यवस्थित गरेर बिरुवा रोपेमा जैतुनको फल लाग्ने गर्दछ । जैतुनको फल टिपेर प्रशोधन गरी उत्पादन गरिने तेलको बजार मूल्य प्रति लिटर तीन हजार पाँच सय रुपैयाँसम्म रहेको बताइएको छ ।

# कोरोनाबाट ४६६८३९ को मृत्यु

**झापा, असार ७।** कोरोना भाइरसका कारण आइतबारसम्ममा विश्वभरि चार लाख ६६ हजारभन्दा बढीको मृत्यु भएको छ ।

एएफपीले संकलन गरेको विभिन्न देशका आधिकारीक निकायका अधिकारीहरुले दिएको रिपोर्ट अनुसार कोरोना भाइरसबाट विश्वभरि चार लाख ६६ हजारआठ सय ३९ जनाको मृत्यु भएको हो ।

त्यसैगरी विश्वभरी संक्रमितहरुको संख्या ८९ लाख २३ हजार ७८ पुगेको पनि अधिकारीहरुले जानकारी दिएका छन् । विश्वभरि कूल संक्रमित मध्ये ४७ लाख ४३ हजार आठ सय नौ जना संक्रमणमुक्त भएको जनाइएको छ ।

त्यसैगरी ३७ लाख १२ हजार तीन सय ७६ जना अझै पनि संक्रमित अवस्थामै रहेका छन् । ती मध्ये ३६ लाख ५७ हजार आठ सय ७१ जना जना मध्यम अवस्थामा उपचाररत् छन् भने बाँकी एक प्रतिशत अर्थात ५४ हजार पाँच सय पाँच जना गम्भीर अवस्थामा रहेका छन् ।

पछिल्लो विवरण अनुसार, सबैभन्दा धेरै संक्रमित अमेरिकामै रहेका छन् । अमेरिकामा अहिलेसम्म २३ लाख ३० हजार ५८ जना संक्रमित भएका छन् । दोस्रो धेरै संक्रमित रहेको ब्राजिलमा भने दश लाख ७० हजार एक सय ३९ जना संक्रमित रहेका छन् ।

संक्रमितको संख्याका आधारमा तेस्रोमा रुस, चौथोमा भारत, पाँचौमा बेलायत, छैठौंमा स्पेन, सातौंमा पेरु, आठौंमा इटली र दशौंमा चिली रहेका छन् । सबैभन्दा धेरै संक्रमित रहेको अमेरिकामा अहिलेसम्म मृतकको संख्या एक लाख २१ हजार नौ सय ८० रहेको छ भने दोस्रो धेरै मानवीय क्षति भएको ब्राजिलमा ५० हजार ५८ जनाको मृत्यु भएको छ ।

त्यसैगरी तेस्रो धेरै मानवीय क्षति बेलायतमा भएको छ । जहाँ ४२ हजार पाँच सय ८९ जनाको मृत्यु भएको छ भने चौथोमा स्पेन रहेको छ । स्पेनमा २८ हजार तीन सय २२ जनाको मृत्यु भएको तथ्याङ्क छ ।

# गौरादह नगरको नीति तथा कार्यक्रम सार्वजनिक

**गौरादह, असार ७।** गौरादह नगरपालिकाले छैटौं नगरसभा मार्फत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा नगर प्रमुख रोहितकुमार साहले नगरको एक वर्षे नीति तथा कार्यक्रम सार्वजनिक गरेका थिए । नगर प्रमुख साहले नगरमा स्वास्थ्य एप्स, पशुपालन, कृषि, शिक्षा, नगरका गौरवका आयोजना लगायत पूर्वाधार विकास र अतिविपन्न गरीब तथा लक्षित समुदायको जीवनस्तर उकास्ने विभिन्न कार्यक्रममा जोड दिइएको बताए ।

त्यस्तै युवा स्वरोजगार तथा रोजगारी सिर्जना, विपद् व्यवस्थापन तथा सुशासन, खेलकुद विकास, खानेपानी, सूचना प्रविधि तथा सञ्चार एवम् धर्मसंस्कृतिको जगेर्ना लगायतका सर्वाङ्गीण विकास गर्ने लिइएको नीति तथा कार्यक्रममा उल्लेख छ । नगर प्रमुख साहले कृषि, पशु र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता राखी उत्पादनमुखी कार्यक्रम ल्याइएको बताए । उनले युवालाई स्वरोजगारमूलक बनाउन व्यावसायिक कृषि प्रणालीमा जोड दिनुका साथै नगरमा बाली राहत कोष, घाँसको स्रोत केन्द्र स्थापना, नगरबाट सबै प्रकारका करहरुमा केही वर्षलाई छुट, पशुहित कोष स्थापना गरिने कार्यक्रम रहेको बताए ।

त्यस्तै नगर शिक्षा ऐन तयार गरी लागू गर्ने, सांस्कृतिक संग्रहालय स्थापना गर्ने, नगरमा शववाहन सञ्चालन गर्ने, प्रत्येक वडामा योग तथा फिटनेस सेन्टर स्थापना गर्ने, आँखा अस्पतालसँग समन्वय गरेर निःशुल्क उपचार गर्ने व्यवस्था मिलाउने, सबै स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापना गर्ने, विपन्न वर्गलाई निःशुल्क ट्युबवेल वितरण गर्ने लगायतका मुख्य योजना तथा नीतिहरु रहेको साहले बताए ।

# लाइडर प्रविधिबाट भौगोलिक सूचना

**झापा, असार ७।** भौगोलिक सूचना उत्पादनको क्षेत्रमा विकसित नवीनतम् लाइडर प्रविधि अवलम्बन गरी भौगोलिक सूचना उत्पादनका प्रारम्भिक चरणका काम प्रारम्भ भएका छन् ।

बाढी, पहिरो र भूकम्प जस्ता प्राकृतिक प्रकोप घटाउन तथा पूर्वानुमानका साथै विकास-निर्माणका गतिविधि सञ्चालन गर्न अति उपयोगी हुने भौगोलिक सूचना उत्पादन नेपालको पूर्वी दक्षिण भू-भागबाट थालिएको छ ।

पहिलो चरणमा चितवनदेखि कञ्चनपुरसम्मको क्षेत्रलाई समेटेर काम थालिएको नापी विभागले जनाएको छ । जापान सरकारको रु. एक अर्ब ३२ करोड अनुदान सहयोगमा आगामी तीन वर्षभित्र भौगोलिक सूचना उत्पादन सम्बन्धी काम पूरा गर्ने लक्ष्यका साथ विभागले डेभलपमेन्ट अफ डिजिटल एलिभेशन एण्ड अर्थोफोटो परियोजनालाई अघि बढाएको छ ।

भौगोलिक सूचना उत्पादनको क्षेत्रमा विकसित सो प्रविधिको प्रयोगबाट अग्रिम सूचना प्रणाली स्थापना भई प्राकृतिक प्रकोप रोकथाममा सहयोग पुग्नेछ । नेपालले लाइडर प्रविधिको प्रयोग पहिलोपटक गर्न लागेको हो ।

## माछा मार्न जाँदा डुबेर मृत्यु

**सुनसरी, असार ७।** सुनसरीको इनरुवा नगरपालिका-७ का ४५ बर्षीय रामलाल उराव स्थानीय ज्वाला खोलामा डुबेको अवस्थामा मृत फेला परेका छन् ।

सोही खोलामा माछा मार्न गएका उराव डुबिरहेको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ । इलाका प्रहरी दुहवीबाट गएको प्रहरीको टोलीले कानूनी प्रक्रिया पूरा गरी घटनाबारे थप अनुसन्धान गरिरहेको बताइएको छ ।

# भारतमा एकैदिनमा १५ हजार संक्रमित



**झापा, असार ७।** भारतमा कोभिड-१९ संक्रमित हुनेको संख्या एकैदिनमा अत्यधिक देखिएको छ । पछिल्ला केही दिनमा सार्वजनिक भएका दैनिक विवरणहरु मध्ये आइतबार सबैभन्दा धेरै जना एकै दिनमा संक्रमित भएको बताइएको छ ।

सरकारी अधिकारीहरुले बताए अनुसार भारतमा पछिल्लो २४ घण्टामा १५ हजार चार सय १३ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन् । योसँगै भारतमा आइतबारसम्ममा कोरोना भाइरसबाट संक्रमितहरुको संख्या कुल चार लाख दश हजार चार सय ६१ पुगेको बताइएको छ ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको संख्या १३ हजार दुई सय ५४ पुगेको छ । भारतमा कुल संक्रमित मध्ये एक लाख ६९ हजार चार सय ५१ जना अझै पनि संक्रमित अवस्थामै रहेका छन् भने दुई लाख २७ हजार सात सय ५६ जना संक्रमण मुक्त भएका छन् । प्रदेशगत रुपमा हेर्दा सबैभन्दा धेरै संक्रमित रहेको महाराष्ट्र प्रदेशमा एक लाख २८ हजार दुई सय पाँच जना संक्रमित भएका छन् ।

ती मध्ये ५८ हजार ६८ जना अझै पनि संक्रमित अवस्थामै रहेका छन् भने ६४ हजार एक सय ५३ जना संक्रमणमुक्त भएका छन् । महाराष्ट्र प्रदेशभरि कोरोना भाइरसका कारण अहिलेसम्म पाँच हजार नौ सय ८४ जनाको मृत्यु भएको छ भने तमिल नाडु प्रदेशमा ५६ हजार आठ सय ४५ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ ।

## अरुण थुनिएपछि...

**संखुवासभा, असार ७।** संखुवासभाको मकालु गाउँपालिका-२ र ५ मा पर्ने ओयाङमा पहिरो खसेपछि आंशिकरुपमा अरुण नदी थुनिएको छ ।

आइतबार गएको पहिरोले प्रकाश राईको परिवारका सात जना विस्थापित भएका छन् । उनीहरुलाई सुरक्षित स्थानमा सारिएको छ । प्रहरी नायब उपरीक्षक नवराज मल्लका अनुमार करीब छ सय मिटरमाथिबाट झरेको पहिराले नदी थुनिँदा करीब तीन सय मिटर पानी जमेर ताल बनेको छ ।

स्थानीयबासी हीरालाल राईको घर र बिर्खबहादुर राईको गोठ उच्च जोखिममा परेकाले खाली गरिएको प्रहरी नायब उपरीक्षक मल्लले बताए । प्रहरीले अरुण आसपासको बस्ती, अरुण तेस्रो आयोजनाको विद्युत्गृहस्थल पुखुवा आसपास तथा हेलुवाबेँसी, चेवाबेँसी, मनकामना लगायत क्षेत्रका बासिन्दालाई नदी छेउ नजान र सतर्क भएर बस्न आग्रह गरेको छ ।


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

## गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरु :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

## हार्दिक बधाई



पूर्वाञ्चल दैनिकका मेचीनगर समाचारदाता, सूर्योदय टेलिभिजनका कार्यक्रम प्रस्तोता, मेचीनगर नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेती रोटरी अन्तर्राष्ट्रिय डिस्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाको सन् २०२०/२०२१ का लागि 'मिडिया कोर्डिनेटर'का रुपमा मनोनयन हुनुभएकोमा हार्दिक बधाई एवम् कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गर्दछौं ।

तपाईंको कार्यकालमा सामाजिक सेवामा समर्पित रोटरी क्लबले स्वास्थ्य शिक्षा लगायत समाजप्रतिको उत्तरदायित्व वहन गर्दै सामाजिक क्षेत्रमा अझ बढी रचनात्मक र सकरात्मक काम गर्न सकोस् ।

समुदायमा आधारित आर्थिक विकासका क्षेत्रमा रोटरीले ६ वटा विधामा 'फोकस एरिया'मा सक्रिय रही बिना बाधा, अवरोध अघि बढ्न सकोस् । रोटरी अन्तर्राष्ट्रिय डिस्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाको सन् २०२०/२०२१ का नयाँ नेतृत्वप्रति हार्दिक बधाई एवम् कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गर्दछौं ।

श्री अन्नु प्रकाशन प्रा. लि.

**पूर्वाञ्चल दैनिक परिवार**

## वर्गीकृत विज्ञापन

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोडः ०२३-५४६६८३/ ९८२६९२०००१

इलामः ०२७-५२०१४०/९८२६९२०००२

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।





सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

### सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

साविक अनारमनी नगरोन्मुख गाविस, साविक चारपाने गाविस, साविक गरामनी गाविस, वडा नं. २ हाल बिर्तामोड नगरपालिका वडा नं. ४ बस्ने श्री देवीमाया विमलीले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) पूर्वतर्फ श्री
२) पश्चिमतर्फ श्री कुमारीदेवी लिम्बू
३) उत्तर तर्फ श्री
४) दक्षिणतर्फ श्री

| जग्गा रहेको स्थान | सिट.नं. | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९०१२० | १,३२९ | १६०।०० | २०७०।०२।१३ | २०७०।०२।२९ | २०७७।०३।०८ |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** फाइदाका लागि परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । तापनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । दिउँसोदेखि घरेलु काममा जुट्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । इर्ष्यालु मन भएकाहरूले सताउनेछन् । आफन्त र साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला । लेनदेनमा होसियारी अपनाउनुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनमा त्यति समय दिन नसकिए पनि अभिव्यक्ति तथा लेखनकलामा निखारता आउनेछ । मध्याह्नदेखि चुनौती चिर्दै काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** द्वेष तथा इर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । विशेष अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन् । रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** व्यवसायमा लगानी बढाउने समय छ । आकस्मिक खर्च बढ्नेछ । तर, आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्यान्हदेखि मिहिनेतले आत्मविश्वास बढाउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ ।